मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Estd.: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८२/०८३
Ref. No.: 2082/083
चलानी नं:
Dispatch No.:

मितिः २०८२/०९/०७

विषयः सेवा करारमा कार्यरत कर्मचारीहरुले कार्य सम्पादन मुल्यांकन फारम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना ।

स्थानीय तहको स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरूको कार्य सम्पादन मापन गरी सोको आधारमा करार सेवा नवीकरण गरिने व्यवस्था रहेको हुँदा गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तथा नयाँ अवधिका लागि करार सम्झौतालाई कार्य सम्पादनमा आधारित बनाउन**"करार सेवामा कार्यरत कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन तथा नयाँ अवधिका लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८"** को दफा ३ र नियम ५ मा भएको व्यवस्था बमोजिम यस मकालु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा यस अन्तर्गतका वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूमा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले अनिवार्य रूपमा तोकिएको अवधि भित्र कार्य सम्पादन मूल्यांकन फाराम पेश गर्नु हुन सम्बन्धीत सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तसर्थ, सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले **"करार सेवामा कार्यरत कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन तथा नयाँ अवधिका लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८"** बमोजिमको कार्य सम्पादन स्तर मूल्यांकन फाराम भरी **२/२ प्रतिका** दरले **२०८२ पौष १५** गते भित्र सम्बन्धित कार्यालयमार्फत वा सोझै गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रूपमा पेश गर्नुहुन सूचित गरिन्छ।यस सम्बन्धमा मकालु गाउँपालिकाको वेबसाइट https://makalumun.gov.np मा गई कार्य सम्पादन फाराम डाउनलोड तथा अन्य विस्तृत जानकारी लिन सक्नु हुनेछ । साथै थप जानकारीको लागि मकालु गाउँपालिका, गाउँ कार्यपालिकाको प्रशासन शाखा वा फोन नं. ९८४३५९५०१४ मा सम्पर्क राख्न सकिनेछ ।

2082/09/06

छिङ दोर्जी लामा
नि.प्रमुख प्रशासकीय अधिकृत